# वैदेशिक रोजगारीमा जानु अगाडि लिइने श्रम स्वीकृतिबारे जान्नुपर्ने महत्वपूर्ण जानकारीहरु




### "श्रम स्वीकृति" भनेको के हो?

श्रम स्वीकृति वैदेशिक रोजगारीमा जानु पुर्व नेपाल सरकारबाट प्रदान गरिने र अनिवार्य रुपमा लिनुपर्ने स्वीकृति पत्र हो ।

### श्रम स्वीकृति किन चाहिन्छ?

- वैधानिक रूपमा विदेशमा काम गर्नको लागि
- विदेशमा रहंदा केहि समस्या परेमा आवश्यक सहयोग, उद्दार र राहत प्राप्त गर्नको लागि
- वैदेशिक रोजगारको क्रममा कुनै दुर्घटना, अंग-भंग वा मृत्यु भएको अवस्थामा सरकारद्वारा प्रदान गरिने आर्थिक सहायता र राहत प्राप्त गर्नको लागि
- विदेशबाट फर्केपछि नेपाल सरकारद्वारा प्रदान गरिने सेवा सुविधा प्राप्त गर्नको लागि; जस्तै पुन:एकीकरण कार्यक्रम, लगानीको अवसर र अन्य ।



### श्रम स्वीकृति कहिले लिने ?

वैदेशिक रोजगारीमा जानुपर्व र श्रम स्वीकृति पूर्वका प्रक्रियाहरु र कागजातहरु तयार पारिसकेपछि।

प्रस्तावित उडान मिति भन्दा १५ दिन अघि अनुमति प्राप्त गर्दा राम्रो मानिन्छ।

### श्रम स्वीकृति प्राप्त गर्न बुझाउनुपर्ने शुल्क

- वैदेशिक रोजगार कल्याणकारी कोषमा(FEWF)
  २ वर्षको रोजगारीको लागि : रु १५००
  २ वर्षभन्दा बढी रोजगारीको लागि : रु २५००
  भुक्तानी गर्नुपर्ने हुन्छ ।

- सामाजिक सुरक्षा कोष (SSF) मा एक महिनाको दरले न्यूनतम आधारभूत तलबको २१.३३ % (न्यूनतम रु.२३०२) रकम जम्मा गर्नुपर्ने हुन्छ।

**सो इच्छा अनुसार एकैचोटि एक वर्षको लागि पनि जम्मा गर्न सकिन्छ तर मासिक वा वार्षिक रुपमा जम्मा गरे पनि कोषको सेवा-सुबिधा ९ महिना पूरा भए पछि मात्र लिन सकिन्छ।

### श्रम स्वीकृति प्राप्त गर्न आवश्यक कागजातहरु

1. अभिमुखीकरण तालिमको प्रमाणपत्र
2. मेडिकल रिपोर्ट
3. बीमाको प्रमाणपत्र
4. करार सम्झौता पत्र (अंग्रेजी / नेपाली)
5. म्यानपावर कम्पनीलाई भुक्तानी गरेको रकमको बैंकको रसिद या अन्य प्रमाण
6. वैदेशिक रोजगार कल्याणकारी कोष (FEWF) भुक्तानी गरेको रकमको रसिद
7. स्वीकृत भिसा र राहदानीको कपि
8. सामाजिक सुरक्षा कोष (SSF) भुक्तानी गरेको रकमको रसिद
9. गन्तव्य देशमा रहेको नेपाली दुतावासबाट स्वीकृत भएको चिट्ठी/इमेल

### श्रम स्वीकृति लिन कहाँ जानुपर्छ र के गर्नुपर्छ ?

1. FEIMSको वेबसाइट (https://feims.dofe.gov.np) मा गई अनलाइन निवेदन दिनुहोस ।
2. वेबसाइटमा "वैदेशिक रोजगारीमा गएका वा जान चाहने व्यक्तिका लागि मात्र" मा "login" क्लिक गर्नुहोस।
3. दिईएको ठाउँमा तपाईको राहदानी नम्बर भर्नुहोला। यदि तपाई नयाँ हुनुहुन्छ भने, खाता सिर्जना गर्नु पर्ने हुन्छ।
4. राहदानी अनुसारको तपाईको जन्म मिति सोध्नेछ र एउटा सन्देश बक्स देखा पर्नेछ।
5. "Your account has not been created. If you want to create click register?"मा "Register " क्लिक गरि आफ्नो खाता खोल्ने प्रकृया चाल्नुहोस ।
6. खाता खोलेपछि फारम भर्नुहोस् र आवश्यक कागजातहरु राखेर "Submit" क्लिक गरी बुझाैनुहोस ।

### थप जानकारीहरु:

- यदि तपाईंले पहिलो पटक श्रम स्वीकृति लिंदै हुनुहुन्छ भने, बायोमेट्रिक गर्न वैदेशिक रोजगारको कार्यालय जानु पर्ने हुन्छ। अर्को पटक श्रम स्वीकृति लिँदा वैदेशिक रोजगारको कार्यालय नगई सबै प्रक्रिया अनलाईन प्रणालि मार्फत नै गर्न सक्नुहुनेछ ।
- श्रम स्वीकृतिको आवेदन स्वीकृत भएमा तपाईंले इ-स्टिकर र QR कोड सहितको श्रम स्वीकृतिको ई-प्रतिलिपि ३-४ दिन भित्रमा पाउनु हुनेछ। श्रम स्वीकृति कामदारको इमेल ठेगाना र FEIMS खातामा उपलब्ध हुनेछ । श्रम स्वीकृतिको जानकारी कामदारको मोबाइलमा एसएमएस मार्फत पनि प्राप्त हुन्छ।
- तपाईंले वैदेशिक रोजगार विभागको वेबसाइटबाट पनि श्रम स्वीकृतिको अवस्था हेर्नसक्नु हुनेछ। https://dofe.gov.np/ मा गई "अन्तिम श्रम स्वीकृतिको खोजि" मा आफ्नो राहदानी नम्बर राखेर हेर्नसक्नुहुनेछ।

श्रोत: वैदेशिक रोजगार विभाग
प्रकाशित मिति: २०२३-०९-१०

इसारा इन्स्टिट्यूट
फोन नं: +९७७ ९७६५४१५७०६
इमेल : nepal@issarainstitute.org

थप जानकारीको लागि
सेन्टर फर माइग्रेसन एंड इन्टरनेशनल रिलेसन्स (CMIR)
फोन नम्बर: +९७७-१-४७९५९३१, +९७७-९८४६६६२०११
इमेल : info@cmir.org.np